**१.  साधारण राहदानी वनाउन के गर्ने ?**

- साधारण राहदानी बनाउनका लागि जुन जिल्ला वा इलाका प्रशासन कार्यालयबाट नागरिकता वा नावालक परिचयपत्र जारी भएको हो , सोही कार्यालयमा आवेदक स्वयं उपस्थित भई आवेदन फाराम पेश गर्नु पर्दछ । रित पूर्वक पेश गरेको आवेदन फाराम स्वीकृत भएमा सामान्यतः जिल्ला वा इलाका प्रशासन कार्यालयमा आवेदन पेश गरेको मितिले १५ देखि ४५ दिन भित्रमा राहदानी प्राप्त हुन्छ । कति दिनमा राहदानी प्राप्त हुने भन्ने कुरा विभागबाट जिल्लासम्मको दुरी अनुसार फरक पर्दछ ।

**२.  कसैलाई जरुरी भै तुरुन्त राहदानी बनाउनु परेमा के गर्ने ?**

- नेपालमा रहेका आवेदकलाई तत्काल राहदानी आवश्यक परेमा सम्बन्धित जिल्ला वा इलाका प्रशासन कार्यालयबाट विभागले समय समयमा तोकिदिए अनुसार फोटो सहितको सिफारिस लिई राहदानी विभाग नारायणहिटी , काठमाण्डौंमा आवेदन पेश गर्न सकिन्छ । विभागमा द्रुत सेवा मार्फत १ दिने, २ दिने र ३ दिने सेवाको राहदानी जारी हुन्छ ।

द्रुत सेवाका लागि विभागमा आवेदन पेश गर्दा देहायका कागजातहरु सहित स्वयं उपस्थित हुनु पर्नेछ । नावालिगको हकमा निज र निजको अभिभावक वा संरक्षक/ माथवर व्यक्ति समेत उपस्थित हुनु पर्नेछ।

- रीतपूर्वक भरिएको अनलाईन आवेदन फाराम १ प्रति,
  (Online फाराम भर्न विभागको वेवपेज https://nepalpassport.gov.np/ मा लगईन गर्नुहोला)
- नेपाली नागरिकताको प्रमाणपत्रको सक्कल र सोको प्रतिलिपि १ प्रति,
- सम्बन्धित जिल्ला वा इलाका प्रशासन कार्यालयबाट जारी गरिएको फोटो सहितको सिफारिस (नागरिकता/ नाबालक परिचयपत्रको आधिकारिकता प्रमाणिकरण)

**३.  जिल्ला वा इलाका प्रशासन कार्यालयमा राहदानीका लागि आवेदन पेश गर्ने तरिका के हो ?**

जिल्ला वा इलाका प्रशासन कार्यालयमा राहदानीको निमित्त आवेदन पेश गर्न चाहने आवेदकले जुन कार्यालयबाट नागरिकता वा नावालक परिचय लिएको हो, सोही कार्यालयमा स्वयं उपस्थित भै आवेदन दिनु पर्दछ । यसरी आवेदन पेश गर्दा देहाय अनुसारका कागजातहरु सँलग्न गर्नु पर्दछ । नाबालिगको हकमा निज र निजको बाबु/आमा वा संरक्षक/माथवर व्यक्ति समेत उपस्थित हुनु पर्दछ ।

- रीतपूर्वक भरिएको दरखास्त फाराम २ प्रति
- नेपाली नागरिकताको प्रमाणपत्रको सक्कल र सोको प्रतिलिपि १ प्रति
- ६ महिना भित्र खिचेको मापदण्ड मिलेको फोटो ४ प्रति, (फोटोको मापदण्डका लागि अनुसूचि १ मा हेर्नु होला)

- राहदानी दस्तुर तिरेको रसिद (दस्तुर सम्बन्धी जानकारी अनुसूचि २ मा हेर्नु होला)
- नाबालिगको हकमा सम्बन्धित जिल्ला वा इलाका प्रशासन कार्यालयबाट जारी गरिएको नाबालक परिचय पत्र, निजको बाबु/आमाको नागरिकताको प्रमाण पत्र र सोको प्रतिलिपि सहित वाबु/आमा मध्ये कुनै एक स्वयं उपस्थित हुनु पर्दछ । संरक्षक/ माथवर व्यक्ति नियुक्त भएकोमा संरक्षक/ माथवर व्यक्ति भएको व्यहोरा खुल्ने लिखतको सक्कल प्रति र संरक्षक/ माथवर व्यक्तिको नागरिकताको प्रमाणपत्र तथा त्यसको प्रतिलिपि सहित संरक्षक/ माथवर व्यक्ति उपस्थित हुनु पर्दछ ।
- पहिले राहदानी बनाइ सकेको भए सोको सक्कल र प्रतिलिपि १ प्रति ।
- सम्बन्धित जिल्ला / इलाका प्रशासन कार्यालयले तोके अनुसार स्थानीय निकायको सिफारिस ।

**४. विदेशस्थित नेपाली नियोगमा राहदानीका लागि कसरी आवेदन पेश गर्ने ?**

विदेशमा रहेका नेपालीहरुको हकमा आफू बसोवास गर्ने मुलुकस्थित नेपाली नियोग वा उक्त मुलुकमा नेपाली नियोग नभएमा सो मुलुक हेर्ने जिम्मेवारी तोकिएको नेपाली नियोगमा राहदानी आवेदन फाराम पेश गर्नु पर्दछ । विदेशस्थित नेपाली नियोगहरुको सम्पर्कका लागि परराष्ट्र मन्त्रालयको वेव पेज https://mofa.gov.np मा लगईन गर्नुहोला । विदेश स्थित नियोगमा आवेदन पेश गर्दा अपनाउनु पर्ने प्रक्रिया र आवश्यक कागजात विभिन्न मुलुकहरुमा रहेका नेपाली नियोगपिच्छे केही फरक पर्न सक्ने भएकोले राहदानी आवेदन पेश गर्ने वारेमा सम्बन्धित नियोगबाट जानकारी लिन उपयुक्त हुन्छ ।

नियोगहरुमा आवेदन गर्दा सामान्यतः देहाय अनुसारका कागजात सहित आवेदक स्वयं उपस्थित हुनु पर्ने हुन्छ । तर Live Enrollment System लागू नभएका र भौगोलिक रुपमा टाढा रहेका आवेदकहरुको हकमा नियोगहरुले हुलाक सेवा लगायत अन्य सुरक्षित माध्यमबाट आवेदन पठाउन सक्ने व्यवस्था गर्न सक्छन् । नियोगहरुमा आवेदन पेश गर्दा निम्न कागजातहरु पेश गर्नु पर्दछ ।

- रीतपूर्वक भरिएको आवेदन फाराम २ प्रति वा प्रत्यक्ष दर्ता प्रणाली लागु गरिएका नियोगको हकमा रीतपूर्वक भरिएको अनलाईन दरखास्त फाराम १ प्रति,
- नेपाली नागरिकताको प्रमाणपत्रको सक्कल प्रति र सोको प्रतिलिपि १ प्रति,
- पुरानो राहदानीको सक्कल र प्रतिलिपि एक प्रति,
- स्वयं उपस्थित नहुने आवेदकको हकमा आवेदक उक्त देशमा रहेको प्रमाणजनाउने कागजात (जस्तै**,** रेसिडेन्ट कार्ड, कम्पनी परिचयपत्र, **entry stamp** सहितको भिसाको प्रति आदि)

- ६ महिना भित्र खिचेको मापदण्ड मिलेको फोटो ४ प्रति, (फोटोको मापदण्डका लागि अनुसूचि १ मा हेर्नु होला) । तर प्रत्यक्ष दर्ता प्रणाली लागू गरिएका नियोगको हकमा अतिरिक्त फोटो पेश गर्नु पर्नेछैन ।
- राहदानी दस्तुर (दस्तुर सम्बन्धी जानकारी अनुसूचि २ मा दिईएको छ ।)
- नाबालिगको हकमा सम्बन्धित जिल्ला वा इलाका प्रशासन कार्यालयबाट जारी गरिएको नाबालक परिचय पत्र र निजको बाबु/आमाको नागरिकताको प्रमाण पत्र र सोको प्रतिलिपि सहित वाबु/आमा मध्ये कुनै एक स्वयं उपस्थित हुनु पर्दछ ।

**५. एक पटक एमआरपी लिईसके पछि नयाँ एमआरपि लिन के गर्ने ?**

➢ एक पटक एमआरपी लिएको भएतापनि नयाँ राहदानी वनाउन सम्पूर्ण प्रक्रिया पुरा गर्नु पर्दछ । यदी नेपाल सरहद भित्रबाट एक पटक एमआरपी जारी भएको छ भने विभागमा आवेदन दिदाँ जिल्लाइलाका प्रशासन कार्यालयको शिफारिस भने आवश्यक पर्दैन ।/

**६. राहदानीमा भएको विवरणमा त्रुटी देखिएमा के गर्ने ?**

राहदानी छपाइ हुँदा कुनै त्रुटी भएमा नयाँ राहदानी लिनु पर्दछ । यदि विभागकार्यालयको गल्तीका/ कारण फाराममा भएको विवरण भन्दा राहदानीमा छापिएको विवरण फरक परेमा एक वर्षभित्र र राहदानी प्रयोग नभएको भएमा पुनः दस्तुर लाग्दैन । अन्यथा नियमानुसार दस्तुरलाग्ने हुन्छ । यस प्रकारको त्रुटी सच्याउन लागि सम्बन्धित कार्यालय वा विभागमा आवेदन दिन सकिन्छ ।

**७. राहदानी हरायो, के गर्ने ?**

राहदानी हराएमा नयाँ राहदानी लिनु पर्दछ । यसका लागि नयाँ राहदानी बनाउँदा अपनाउन पर्ने सम्पुर्ण प्रक्रिया अपनाउनु पर्दछ । स्मरण रहोस्, पुरानो राहदानी हराएमा वा च्यातिएमा वा केरमेट भै प्रयोग गर्न नमिल्ने भै सो को सट्टा नयाँ राहदानी लिनु परेमा नेपालमा थप रु ५००० र -/ विदेशस्थित नेपाली नियोगहरुमा तोकिएको दस्तुरको दोब्बर दस्तुर तिर्नु पर्दछ ।

हराएको राहदानी भेटिएमा जुन स्थानवाट राहदानी वनाइएको हो , त्यहाँ सम्पर्क गरी राहदानी रद्ध गराउनु पर्दछ । हराएको राहदानी भेटिएतापनि हराएको जानकारी Interpol मार्फत विदेशमा समेत पठाइने भएकोले त्यस्तो राहदानी लिइ यात्रा गर्न मिल्दैन । हराएको राहदानी लिई यात्रा गरेमा सम्बन्धित मुलुकको अध्यागमन नियम अनुसार कारवाही हुन्छ ।